स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक




गायक तथा संगीतकार नागेन्द्र श्रेष्ठको नयाँ गीत 'वैशाखे घाम' सार्वजनिक भएको छ । सुनिता कार्कीको स्वर, लाल कार्कीको शब्द रहेको गीतको विक्कल खड्काको एरेन्ज रहेको छ । गीतको भिडियोमा समारिका ढकाल र सुरेश कोहलीको अभिनय छ । शिवाजी क्षेत्रीले निर्देशन गरेको भिडियोमा प्रेम, रोमान्स र विछोडको कथा देखाइएको छ । करण चैसिरको छायांकन र मनोज कार्कीको सम्पादन रहेको भिडियो संगीतकार नागेन्द्र श्रेष्ठकै अफिसियल च्यानलबाट सार्वजनिक भएको हो ।

**आजको विचार...**



नीति... (दुई पेजमा)

शम्भु कोइराला

गाईजात्राको तिथि नजिकिँदै जाँदा अभिनेता हरिवंश आचार्य भने म्युजिक भिडियोको घपेडीबीच भेटिए । त्यसबेला उनी आफ्नो एक गीति भिडियो सार्वजनिक गर्ने सुरसार गर्दै थिए । बितेको केही समययता हरिवंश आचार्य गीत गाउने र म्युजिक भिडियोमा केन्द्रित देखिन्छन् । हास्य रसयुक्त ती गीति भिडियोले अपेक्षाकृत चर्चा पनि बटुलेको छ । यद्यपि उनलाई दर्शकले त्यही आवरणमा हेर्न र सुन्न चाहन्छन्, जुन विगतमा हास्य टेलिशृंखला र फिल्महरुमा देख्दै आएका थिए । लालपूर्जा, १५ गते जस्ता टेलिशृंखलामा होस् वा महजात्रा नै, हरिवंश र मदनकृष्ण हास्य-तरंग आजसम्म कायमै छ ।




❑ वर्ष २९ ❑ अंक २० ❑ २०८० साउन २० गते शनिबार 5 August 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### डुङ्गा पल्टिँदा ७ जनाको मृत्यु

**रासस/एएनआई**

**इस्लामाबाद,**साउन१९/पाकिस्तानको सतलज नदीमा थाली जमाल ओकारा नजिकै डुङ्गा पल्टिँदा महिला र बालबालिकासहित सात जनाको मृत्यु भएको छ । एआरवाई न्यूजले स्रोतलाई उद्धृत गर्दै सो बारे जानकारी दिएको छ । स्रोतका अनुसार डुङ्गा अत्यधिक भारका कारण पल्टिएको हो । डुङ्गामा ५० भन्दा बढी मानिस सवार थिए । नदीबाट सात जनाको शव निकालियो भने धेरै यात्रुले ज्यान जोगाउन सफल भएका थिए । पञ्जाबका कार्यवाहक मुख्यमन्त्री मोहसिन नक्वीले सम्बन्धित अधिकारीहरूलाई उद्धार कार्यलाई तीव्रता दिन निर्देशन दिएका छन् । यसअघि उमरकोट जिल्लाको धोरो नारो नजिक कलंकर तालमा डुङ्गा पल्टिँदा कम्तीमा छ जनाको मृत्यु भएको एआरवाई न्युजले जनाएको छ । यसैगरी सेहर फकिर दरबारमा श्रद्धाञ्जलि अर्पण गर्न दश जना चढेको डुङ्गा पल्टिँदा छ जनाको डुबेर मृत्यु भएको हो । घटनास्थलमा प्रहरी र उद्धार टोलीले पोखरीबाट तीन बालबालिकाको शव निकालेको छ । अन्धकारका कारण उक्त क्षेत्रमा उद्धार कार्य रोकिएको र बेपत्ता भएका तीन जनाको खोजीका लागि बिहान पुन: शुरु गरिने एआरवाई न्युजले जनाएको छ ।

# शिक्षित आमाहरू नै गराउँदैनन् स्तनपान

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १९/रुपन्देहीको भैरहवामा कोठा भाडामा लिएर बस्दै आएकी कमला कार्की सरकारी जागिरे हुन् । उनले एक वर्ष अघि पहिलो सन्तानको रुपमा छोरीलाई जन्म दिएकी थिएन । छोरी जन्मिएको दुई/तीन महिना त आफ्नै साथमा राखेर दूध खुवाईन तर तीन महिनापछि भने उनले परिवारको साथमा छोडेर अफिस जाने गर्न थालिन् । त्यो समयमा परिवारले बजारबाट लिएको भैसीको दूध ति शिशुलाई खुवाउने गरे । कमलाले भैसीको दूध खुवाउन थालेपछि भने आफ्नो दूध खुवाउन छोडिन् ।

तानसेनकी मनिषा कुंवरले पनि आफ्नो छोरालाई ५ महिना पनि पूरै दूध खुवाइनन् । विद्यालय पढाउन जानुपर्ने भएकाले उनले छोरा जन्मिएको ४ महिनापछि बहिनीको साथमा छोडेर हिड्नुपऱ्यो । 'विद्यालयबाट घर आउने समयको टुंगो नहुँदा छोरालाई पुरा समय आफ्नो दूध खुवाउन पाइन्, लामो समयपछि आफै सुक्दै गयो । चाहेजति दूध खान नपाएपछि छोराले आफै खान छोड्यो । ल्याक्टोजिन, डेरीको दूध, सेरलेक्स खाएरै छोरो हुर्कियो,' उनले



भनिन् । आमाको दूध पर्याप्त खान नपाएकाले होला छोरोलाई सानै बिमारले पनि समाइ हाल्ने कुंवले बताईन् । कार्की र कुंवर मात्रै हैन कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउदैनन् । पछिल्ला वर्षहरूमा शिक्षित र सहरिया आमाहरू नै स्तनपान गराउने मामिलामा उदासीन देखिन थालेका छन् । सरकारले हरेक वर्ष जनचेतनामूलक कार्यक्रम आयोजना गर्छ, तर पर्याप्त जानकारी पाएका सचेत आमाहरू नै नवजात शिशुलाई स्तनपान गराउँदैनन् । अर्काको देखासिखी, विभिन्न भ्रामक विज्ञापनको प्रभाव र आफ्नै अहंले गर्दा पनि जानी-जानी शिक्षित मानिएका आमाहरू नै सन्तानको स्वास्थ्यमा ध्यान दिँदैनन् । 'स्तनपान गराउने उद्देश्यले हरेक वर्ष अगस्ट पहिलो हप्ता स्तनपान सप्ताह मनाउने गरिन्छ । यस वर्ष पनि साउन १६ गतेदेखि २२ गतेसम्म स्तनपान सप्ताह चलिरहको छ, तर शिक्षित आमाहरु नै स्तनपान गराउने विषयमा त्यत्ति जागरुक छैन् । बच्चा जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराउनुपर्ने विज्ञहरू बताउँछन् । जन्मेको एक घण्टाभित्र स्तनपान गराउनेको संख्या बढ्दो भएता पनि ६ महिनासम्म स्तनपान गराउने आमाको संख्या घट्दै गएको तथ्यांकले देखाएको छ । ६ महिना अवधिसम्म सुत्केरी आमामध्ये ५६ प्रतिशतले मात्रै पूर्ण स्तनपान गराउँछन् भने ४४ प्रतिशत कृत्रिम दूध वा गाईभैंसीको दूध खुवाउँछन् । त्यस्तै, शिशु जन्मिएको एक घन्टाभित्र स्तनपान गराउनेको संख्या ५५ प्रतिशत छ । आमाहरूले कामकाज गर्न घरमा बच्चा छोडेर जानुपर्ने बाध्यता छ । कतिपय आमाको सोचाइ सौन्दर्य बिग्रिन्छ भनेर पनि खुवाउँदैनन् । केही आमालाई स्तनपानको महत्व नै थाहा छैन । बजारमा पाइने बट्टाको दूध सजिलोसँग पाइन्छ भने किन दु:ख गर्ने भन्ने सोचाइका कारण पनि धेरै शिक्षित आमाहरुले नै आफ्नो दूध खुवाउदैनन् । बच्चा जन्मेको जति सक्दो छिटो वा एक घन्टाभित्र स्तनपान गराउनु, पूर्ण स्तनपान अर्थात् ६ महिना पूरा नभएसम्म आमाको दूध मात्र चुसाउनु र बच्चा ६ महिना पूरा भएपछि थप पौष्टिक आहारा सुरु गरी कम्तीमा दुई वर्षसम्म आमाको दूध पनि खुवाइराख्नु राम्रो मानिन्छ । आमाको दूध बच्चाका लागि अमृत समान हो । सुरुमा आउने बिगौती दूधमा विभिन्न रोगसँग लड्ने प्रतिरोधात्मक तत्व हुन्छ । यसले बच्चालाई झाडापखाला, श्वासप्रश्वास र अन्य संक्रमणबाट बचाउँछ । सजिलै पचाउन सक्ने आमाको दूधले शिशुको वृद्धि विकासमा ठूलो मद्दत पुऱ्याउँछ । पूर्ण स्तनपान गराएको बच्चाको बौद्धिक विकास पनि राम्रो हुन्छ ।


## भू-क्षय न्यूनीकरणका उपाय अपनाऔँ ।

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

**भू-क्षयबाट बचौं र बचाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# खानेपानीमा अत्यधिक 'कोलीफर्म'



**गल्याङ,** साउन १९/स्याङ्जाका स्थानीय तहमा खानेपानीमा 'कोलीफर्म' भेटिएको छ । जिल्लाका सबै स्थानीय तहमा खानेपानीका मुहानबाट पानीको नमूना संकलन गरेर परीक्षण गर्दा दिसामा देखिने जीवाणु 'कोलीफर्म' अध्यधिक मात्रामा भेटिएको हो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख बसुन्धारा शर्माका अनुसार जिल्लाका ११ स्थानीय तहबाट खानेपानीका ९४ नमूना संकलन गरी परीक्षण गरिएको थियो । परीक्षण गरिएकामध्ये ४१ वटामा 'कोलीफर्म' भेटिएको हो । कार्यालयले पुतलीबजार र कालीगण्डकीमा १६-१६, भिरकोटमा १३, चापाकोट, वालिङ, आधीखोलामा आठ-आठ, बिरुवा र गल्याङ्मा छ-छ, अर्जुनचौपारीमा पाचँ, फेदीखोला र हरिनासमा चार-चार खानेपानीका नमूना संकलन गरी परीक्षण गरेको थियो । 'मुहान, ट्याङ्की, धारा र घरबाट पानीको नमूना सङ्कलन गरेर परीक्षण गर्दा दिसामा हुने कोलीफर्मको कीटाणु अत्यधिक मात्रा पाइएको छ', प्रमुख शर्माले भनिन्, 'सार्वजनिक, व्यक्तिगत र संस्थागत धाराबाट समेत पानीका नमूना परीक्षण गरिएका थिए ।'सबैभन्दा बढी बिरुवा गाउँपालिकामा ६६ दशमलव छ प्रतिशत र सबैभन्दा कम पुतलीबजार नगरपालिकामा ३१ दशमलव २५ प्रतिशत कोलीफर्म भेटिएको छ । चापाकोट नगरपालिकामा ६२ दशमलव छ, फेदीखोला र हरिनास गाउँपालिकामा ५० दशमलवग ५०, भिरकोट नगरपालिकामा ४६ दशमलव एक, अर्जुनचौपारी गाउँपालिकामा ४० प्रतिशत कोलीफर्म भेटिएको प्रमुख शर्माले बताइन् । यस्तै गल्याङ नगरपालिकामा ३८ र वालिङ नगरपालिका, आँधीखोला र कालीगण्डकी गाउँपालिकामा ३७ दशमलव पाँच प्रतिशत कोलीफर्मका कीटाणु भेटिएका थिए । प्रमुख शर्माले गत वर्षको तुलनामा यस वर्ष पानीको शुद्धतामा केही प्रतिशत वृद्धि भएको बताइन् । उनले पानीको शुद्धता बढे पनि अत्यधिक कोलीर्फम भेटिनु सुखद् नतिजा नभएको उल्लेख गरिन् । गत आर्थिक वर्षमा जिल्लाका सबै पालिकाबाट खानेपानीको ५२ नमूना परीक्षण गरिएकामा ५२ प्रतिशत कोलीफर्म भेटिएको थियो । कोलीफर्मयुक्त पानी सेवनले झाडापखाला, टाइफाइडजस्ता सरुवा रोग लाग्नुका साथै मिर्गौलालाई पनि असर गर्छ । **-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## के एमालेले सधै संसद् अवरोध गरिरहने हो ?

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको संसद् अवरोध गर्ने कार्य उसको विशेषता नै बनेको छ । सत्तामा हुँदै पनि संसद्प्रति अनुदार देखिएको एमाले सत्ताबाहिर हुँदा निरन्तर त्यसविरुद्ध उभिँदै आएको छ । जनताका प्रतिनिधिहरूको आवाज व्यक्त गर्ने ठाँउ निरन्तर अवरोध हुँदा संसद्माथि नै प्रश्न उठ्ने गरेको छ । एमालेले अब कतिञ्जेल यो अवरोध जारी राख्ने ? उसले संसद्मा बोल्न रोक लगाउने तर संसदीय प्रक्रियामा सहभागीता जनाउने कुराले दोहोरो भूमिका खेलेको प्रष्ट हुन्छ । यसो गर्नु गलत हो । संसद्लाई जनताका समस्या उठाउने र समाधान खोज्ने थलोभन्दा आफ्नो स्वार्थ पूरा गर्ने थलोका रुपमा लिनु दुःखद् हो ।

संसद् दुई/दुई पटक भंग गर्ने अनि चलिरहेको संसदमा बैठक नै बस्न नदिएर अवरुद्ध पार्ने एमालेको विशेषता इतिहासमा दर्ज छ । त्यो इतिहासलाई एमालेले अहिले पनि कायमै राखेको छ । पछिल्लो केही दिन यता सुन तस्करीको छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नैपर्ने अडान राख्दै एमालेले प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैंठक चल्न दिएको छैन् । एमाले अध्यक्ष केपी ओलीको रिस गृहमन्त्री नारायणकाजी श्रेष्ठमाथि परेको छ । गृहमन्त्रीको राजीनामा माग गर्दै एमालेले संसद अवरुद्ध गरेको हो । एमालेको भनाइ छ 'त्यत्रो सुन कसरी बाहिर आयो ?' भन्सारबाट 'प्रक्रिया पूरा गरेर' बाहिरिएको सुन राजस्व अनुसन्धान विभागको सक्रियताले समातियो । हालसम्म १६ जना पक्राउ परेका छन्, तर मुख्य नाइके अत्तोपत्तो छैन । जसरी केपी ओलीको सरकारका पालामा पनि ३३ केजी सुन प्रकरण बाहिर आएको थियो, गोरेहरु पक्राउ परे पनि मालिक अझै पक्राउ परेको छैन । एमालेले आफू सत्तामा हुँदा ३३ केजी सुनको मालिक किन पक्राउ गरेन ? अरुलाई चोर औंलौं तेर्स्याउँदा चारवटा औंला त आफैतिर फर्केको हुन्छ । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरणमा गृहमन्त्रीले चलाएको कारबाही एमालेलाई मन परेको छैन् । अहिले एमालेले सुन काण्डमा पनि निहुँ खोजिरहेको छ । निर्मला पन्त हत्या काण्ड हुँदा एमालेको सरकार थियो । बलात्कारी र हत्यारालाई पक्राउ गर्न नसकेको भनेर कुनै पनि विपक्षीले संसद अवरुद्ध त गरेका थिएनन् । एमालेको त्यतिबेलाको सरकारले त्यस्तो जघन्य अपराधी किन पत्ता लगाउन सकेन ? एमालेले जवाफ दिनुपर्दैन ? सुनकाण्डको इतिहास हेर्ने हो भने दरबारदेखि गणतन्त्रसम्मका कुनै पात्र अछुतो छैनन् । सबै मिलेका छन् । सुन प्रकरणमा यसको अनुसन्धान हुनैपर्छ , तर संसद अवरोध गरेर होइन । संसदमै गृहमन्त्री र अर्थ मन्त्रीलाई बोलाएर प्रश्न गर्ने हिम्मत गर्नुपर्छ । सरकारलाई जिम्मेवार बनाउने थलो संसदलाई नै अवरुद्ध पारेपछि सरकार को प्रति जिम्मेवार हुने ? यसर्थ संसद् अवरुद्ध गरेर होइन, संसदमा सरकारलाई जवाफदेही बनाउने दिशामा एमालेको ध्यान जाओस् ।

## Opinion @ Social Network

साथी साथीमा पनि यस्तो बेइमान मलाई मनपर्दैन,
भावना बुझेर पनि यति अञ्जान मलाई मनपर्दैन ।
खुशी हुँदा त दुनियाँ हुन्छन् सबैलाइ थाहा छ,
दुःख पर्दा साथ नदिने भगवान मलाई मनपर्दैन

*(उषा किरन पन्थको फेसबुक स्टाटस https://www.facebook.com/usha.pantha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नीति हराएको राजनीति



शम्भु कोइराला

**नमागिएको सल्लाह :** राज्ञ: नीति राजनीति भनेर भन्दा राजाको नाम सुन्न नचाहनेहरूलाई पिरलो होला तर राजा भन्नाले शासन भनेर बुझियो भने सहज बुझाइ हुन पुग्दछ । नीति भन्नाले उचित समयमा उचित स्थानमा उचित प्रयोजनका लागि गरिने निर्णय र कार्यान्वयन भनेर बुझ्न सकिन्छ । कुनै पनि राज्यको शासनसम्बन्धी सोच र धारणालाई राजनीति भन्न सकिन्छ । यस्तो सोचलाई जनताको आर्थिक, सामाजिकलगायत सर्वांगीण स्तर उकास्न कामयाव बनाउन सक्दा राजनीतिले वास्तविक अर्थ पाउँछ र राजनीतिक दर्शनप्रति न्याय हुन जान्छ । ग्रीक दार्शनिक एरिस्टोटलले भनेजस्तो मानिस राजनीतिक प्राणी भएकाले नैतिकता र राजनीति एक अर्कासँग राम्ररी जोडिएको छ भन्ने भनाइलाई आधार मान्ने हो भने नेपालको राजनीतिको परिप्रेक्षमा अप्रासंगिक बन्ने अवस्था छ ।

सन् १५३२ तिर म्याकेबेलीले भनेजस्तो शासन सत्ताबेगर नेताले केही पनि गर्न नसक्ने भएकाले सत्ता प्राप्त गर्नु र सत्तामा टिकिरहनुको नाम राजनीति हो भन्ने भनाइ चाहिँ नेपाली राजनीतिको वास्तविकता भएको छ । प्रजातन्त्रमा हुने अत्यधिक स्वतन्त्रताको उपयोग गरेर हरेक व्यक्तिलाई शासनमा पुग्ने अधिकार भएका कारण जनताको कत्ति पनि हेरचाह नगर्ने र सत्ता प्राप्ति गर्नेमात्र उद्देश्यले राजनीतिमा लाग्न उत्प्रेरित भएका स्वार्थी मानिसहरूका कारण प्रजातन्त्र खतरनाक उपकरण हुन सक्दछ भन्ने दार्शनिक प्लेटोको भनाइ त नेपालकै हकमा भविष्यवाणी गरेको हो कि जस्तो भएको छ । आफ्नो ज्यानको बाजी लगाएर जनताको हक अधिकार स्थापना र स्थापित प्रजातान्त्रिक वातावरणमा जनताको जीवनस्तरमा सुधार गर्ने सोच लिएर दशकौं कठोर जीवन बिताएका सादगी जीवनका पक्षपाती बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी जस्ता त्यागी नेताका उत्तराधिकारीहरूको अहिलेको राजनीतिक व्यवहार हेर्दा अहिलेका नेताहरू ती आदर्श पुरुषले स्थापित र संरक्षित गरेको पार्टीका नेता कार्यकर्ता हुन् कि कुनै अनैतिक सामन्तबाट अनुप्राणित स्वार्थी जत्था हुन् भनेर फरक छुट्याउन कठिन भएको छ । कोशी प्रदेशका सभामुखले बहुमत पुऱ्याउँन गरेको लाजमर्दो काम, अन्तर्राष्ट्रिय विमानस्थलबाट क्विन्टल सुन तस्करी गरिएको विषय, संवैधानिक परिषद्मा भागबण्डा नमिलेको कारण महिनौंसम्म प्रधानन्यायाधीश, न्यायाधीशलगायतका संवैधानिक पदाधिकारी नियुक्त नभएको कारण जनतालाई पर्ने पिरमर्का, अनुचित लेनदेनजस्तो अमानवीय विषयमा विधेयक अल्मल्याउने राष्ट्रियसभा अध्यक्षको प्रयास, विश्वविद्यालयहरूमा राजनीतिक खिचातानीको कारण नियुक्तिमा हुने विलम्ब, नियुक्ति भएकाहरूको पनि दलीय आबद्धताको आधारमा हुने काम कार्बाही, अनुत्तरदायी, उच्छृंखल र स्वार्थप्रेरित विद्यार्थी राजनीतिको कारण समाजमा व्याप्त निराशाले नेपालमा व्याप्त बन्दै गएको नीतिविहीन राजनीतिले मुलुकलाई नै असफल राष्ट्र बनाउन लागेको त होइन ? यो आलेखमा यिनै विषयमा चर्चा गरिनेछ ।

**सहुमत पुऱ्याउन असंवैधानिक र अनैतिक खेल :** कोशी प्रदेशको संसद् सदस्यको गणितीय संरचना अप्ठ्यारो छ । एक, दुई सिटको कारण सत्ता रहने र नरहने अवस्था छ । विद्यमान गणितीय संरचनाअनुसार ९३ नब्बे सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ सदस्य हुनु अनिवार्य छ । सत्ता गठवन्धनसँग बहुमतभन्दा एक सिट कम भएको कारण सभामुखको दस्तखत गराएर सरकार बनाउँन दाबी पेश गरियो । जबकि सभामुख बन्ने बित्तिकै राजीनामा दिएर सभामुख तटस्थ रहनुपर्ने संवैधानिक व्यवस्था छ । हुन पनि सभामुख तटस्थ पद हो । तब त पदको अगाडि माननीय र सम्माननीय पदवी गुताउनुपरेको हो । त्यसरी तटस्थ रहनुपर्ने र नामका अगाडि माननीय लेख्ने सुविधा पाएका प्रदेशसभाका सभामुखले असंवैधानिक काम त गरे नै । जीवनभर दाग लाग्ने अनैतिक काम पनि गरे । सर्वोच्च अदालतको आदेशबाट उनको गलत कर्म बदर भएपछि उनले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने थियो । किन दिन्थे र ? पार्टीको उच्च नेतृत्वसँग सौदाबाजी गर्न राजीनामा नदिने अड्डी कसे, जुन २४ घण्टा पनि टिकेन । जब पार्टीको उच्च नेतृत्वसँग सौदाबाजीमा कुरा मिल्यो उनी रोजेको मन्त्रालयमा नियुक्ति भए । अदालतको आदेशबाट नैतिक रूपमा दोषी करार भएका सभामुख राजनीतिक स्वार्थका लागि पुरस्कृत भए । यो हर्कतका कारण अबको पुस्ताले राजनीति भनेको बेइमानीको खेल भनेर बुझ्यो भने अनौठो नमान्दा हुन्छ ।

**बेइमानहरूका अगाडि लाचार संवैधानिक परिषद :** नेपालको संविधानमा, संवैधानिक पदमा नियुक्ति हुनेहरू विवादरहित, उच्च आचरणयुक्त र सबैका लागि मान्य र स्वीकार्य हुन् भन्ने हेतुले संवैधानिक परिषद्को संरचना पनि तदनुकूलको बनाइयो । राष्ट्रले चिनेका र इज्जत गरेका मानिसहरू नियुक्ति होलान् भनेर सर्वसम्मतिको पनि परिकल्पना गरियो । परिकल्पना व्यवहारमा लागू हुन सकेन । साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भनेजस्तो विवेक प्रयोग गर्ने तेस्रो आँखा नभएका राजनीतिक नेतृत्वले देशमा कोही तटस्थ मानिस नदेखेर दलीय आबद्धताको रंगमात्र देख्ने अवस्था छ । आफ्नो वरिपरि परिक्रमा गर्ने स्वार्थी र अवसरवादीलाई मौका दिन संविधानको भावना विपरीत अध्यादेश ल्याएर संविधानमाथि बलात्कार गर्ने काम गरियो । यसमा नेकपा एमालेका नेता ओलीमात्र होइन आफू सत्तामा नरहँदा त्यस्तो कदमको विरोध गर्ने शेरबहादुर देउवा पनि उत्तिकै जिम्मेवार छन् । आज बहालवाला प्रधान न्यायाधीशको अवधि समाप्त भएको कारण सर्वोच्च अदालत परिसरमा बिदाइको माहौल होला । संविधानले बिदाइको एक महिनाअगाडि आउने प्रधानन्यायाधीशका बारेमा निर्णय हुनुपर्ने परिकल्पना गरेको छ । तर, बिदाइ र स्वागतसँगै हुने सम्भावना कमै देखिएको छ । प्रधानन्यायाधीश निर्णय हुने बैठकमा अन्य आयोगका पदाधिकारीको पनि निर्णय हुनुपर्ने बखेडा निकालेर अवरोध पुऱ्याइएको छ । सुशासन र समृद्धिका भाषणमा घण्टौं प्रवचन दिएर नथाक्ने प्रमुख प्रतिपक्षी दलका नेता ओलीको बखेडाको कारण प्रधानन्यायाधीश पुन: कायमुकायमको भरमा चल्ने परिस्थिति देखिँदैछ । बखेडा ओलीलेमात्र गरे भनिएको होइन । आफ्नो निहित स्वार्थ पूर्तिका लागि हिजोका दिनमा आरजुद्वारा गलत रूपमा प्रयोग गरिएका देउवाले पनि गरेकै हुन् । परिस्थिति यस्तो छ कि पुरानो पुस्ताका राजनीतिक परिदृश्यमा देखिएका नेता कोही पनि यो मामिलामा चोखा देखिँदैनन् । काँग्रेस महामन्त्री गगनकुमार थापाको भनाइ सापटी लिएर भन्ने हो भने मुलुक केही पूर्वप्रधानमन्त्रीहरूको राजनीतिक सिन्डिकेट भएको छ ।

**सुन प्रकरण र संसद् अवरोध :** संसद्को काम कानुन बनाउने हो । अत्यन्त जरुरी विषयका कानुन नभएको कारण मुलुकी प्रशासन चलाउन समस्या भएको छ । जनताका सरोकारका विषयमा पनि कानुन बनाएर सम्बोधन गरिनुपर्ने अवस्था छ । कहिले प्रधानमन्त्रीको राजीनामाका लागि संसद् अवरोध गर्ने, कहिले सुन तस्करी भएको विषयमा संसद् अवरोध गर्ने कामले जनताका प्राथमिकता कमजोर बनेका छन् । प्रतिनिधिसभा आफ्नो उद्देश्य हासिल गर्न असफल भएको छ । जनताले हाम्रा प्रतिनिधि किन यतिबिध्न अल्छे र अनुत्तरदायी बनेका होलान् भनेर प्रश्न गरिरहेका छन् । नेताहरू भने असान्दर्भिक विषयमा संसद् अवरोध गरेर संसद्लाई निष्प्रभावी बनाउन प्रयासरत देखिँदैछन् । सुन तस्करी गम्भीर विषय हो । यसलाई गम्भीरतापूर्वक हेरिनुपर्दछ तर कुनै विशेष आयोग वा समिति बनाएर मात्र यसको समाधान निस्कने होइन । भइरहेका संरचनाले नै यसको अनुसन्धान गर्ने हैसियत राख्दछन् । राजनीतिक हस्तक्षेप नहुने हो भने यी संरचनाहरूले क्षमतापूर्वक काम गर्दछन् । केही घटनाक्रमबाट यसको पुष्टि पनि भएको छ । प्रमुख प्रतिपक्षले माग गरेको आयोग बन्ने अवस्था नै आयो भने पनि त्यसको नियुक्तिको तरिका राजनीतिक भागबण्डा नै हो । त्यस भागबण्डामा नियुक्ति हुनेहरू पनि ठूला नेता नजिक पदको याचना गर्दै परिक्रमा गर्नेहरू नै हुन् । श्रावण महिना भएकाले बूढानील कण्ठ लगायत नारायणको दर्शन गर्न भेटी लिएर पुग्नेहरूको पनि कमी छैन । भेटीवाला नियुक्ति भएको अवस्थामा अनुसन्धान त कता हो कता मुलुक नै दुष्चक्रको भाषमा फस्न बेर लाग्ने छैन । सुन तस्करी कसरी हुन्छ भन्ने रहस्यको विषय नै हो । तथापि धेरैलाई थाहा भएको कुरा हो-त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पदस्थापन हुनै सबै निकायका कर्मचारी भनसुन गरेर, अनेक प्रयत्न गरेर जाने हुन् । त्यहाँ जाने सबैको प्रयास भनेको अतिरिक्त आम्दानी गर्ने हो । त्यहाँ सबैको मिलिभगतविना सियो पनि छिर्न सक्दैन । साधारणयात्रुको रूपमा उक्त विमानस्थलको प्रयोग गर्दा त्यहाँका कर्मचारीबाट गरिने दुर्व्यवहार बिर्सन लायक हुन्छ । संसार घुमेर सबै विमानस्थलमा सम्मान पाएको यात्रुले आफ्नै विमानस्थलमा आइपुगेपछि अपमान सहनुपर्दछ । त्यहाँ अपमान गर्नेको पछाडि लाग्ने फुर्सद सायद कमैलाई नै हुन्छ । कोही पछि नै लाग्यो भने पनि त्यहाँ पदस्थापन हुने कर्मचारी सायद नै दण्डित हुने अवस्था आउँछ । कारण हो-उनीहरू आफ्ना हाकिमलगायत विभिन्न शक्तिकेन्द्र रिझाएर आएका हुन्छन् । सम्भवत: त्यस्तो शक्तिकेन्द्रलाई उसले पत्रं पुष्पं पनि गरेको हुन्छ । त्यसबापत उनीहरूबीच अप्ठ्यारो परेको समयमा सुरक्षा प्रदान गर्ने घोषित अघोषित सम्झौता भएको हुनसक्छ । भनाइको मतलब के हो भने विमानस्थल भन्सार क्षेत्रको निगरानीमा खटाइएका विभिन्न निकायका कर्मचारीलाई राम्ररी केरकार गर्ने हो भने तस्करीको नालिबेली पत्तालगाउन नसकिने होइन । यसका लागि भइरहेका संरचना पर्याप्त हुनसक्छन् । संसद् अवरोध गरेर स्टन्ट गर्न जरुरी छैन ।

**जतातत‌ै अनीति :** अनुचित लेनदेनलाई दण्डित गर्न बनेको विधेयक केही दिन रोकेर राष्ट्रियसभा अध्यक्षले पनि आफ्नो हैसियत देखाइदिए । यद्यपि, जनतामा गलत सन्देश जाने कारणले धेरै दिन टिकेनन् । विधेयक राष्ट्रपतिकोमा पठाउनु सामान्य औपचारिक प्रक्रिया थियो, मौका परेका बेला उनी पनि छिर्के हान्न पछि परेनन् । सरकारी विश्वविद्यालयहरूमा अनीति व्याप्त छ । अरूलाई उपदेश दिने गुरुहरू परीक्षा नदिई र प्रक्रिया पूरा नगरी स्थायी हुन खोज्छन् । विद्यार्थीहरू आफ्नो निहित स्वार्थपूर्ति गर्न गुरुलाई निर्घात आक्रमण गर्छन् । सरकार आक्रमणकारीलाई राष्ट्रपति प्रयोग गरेर आममाफी दिन्छ । परीक्षा र परिणाम निस्कने कुनै समयतालिका छैन भए पनि कागजमा मात्र छ । परीक्षणको गोपनीयतासमेत कमजोर बन्दै गएको छ । समयमा पदाधिकारी नियुक्त हुँदैनन् । निराश युवाहरू विदेश पलायन हुने क्रम बढ्दो छ । सीपयुक्त र ऊर्जाशील जनशक्ति पलायन हुँदो छ । यसको कारण दुर्लभ विदेशी मुद्रा सञ्चिति घट्दो छ । यत्रतत्र सर्वत्र अनीति व्याप्त छ तर गम्भीरता कतै देखिँदैन । निराशामात्र छैन आशाका किरणहरू पनि देखिँदैछन् । पुष्पकमल दाहाल नेतृत्वको वर्तमान सरकार गठन भएपछि संगठित अपराध नियन्त्रण गर्न सम्भावित दोषीमाथि कानुनी कारबाही अगाडि बढाएको छ । प्रजातन्त्र तुलनात्मक रूपमा राम्रो व्यवस्था हो तर अपराध गर्नेलाई कानुनले दण्डित गरिएन भने समाजमा दण्डहीनता मौलाएर समाज नै अराजक बन्न बेर लाग्दैन । त्यस्तो कार्य रोक्न सरकारले सुरु गरेको कामले केही आशा जगाएको छ । तर, यो राजनीतिक स्टन्ट हो कि मनको आवाज हेर्न भने बाँकी छ । दार्शनिक सुकरातले भनेजस्तो राजनीतिको उद्देश्य, नागरिकको जीवनयापन उत्कृष्ट बनाउनका लागि सम्भव भएसम्म राम्रो काम गर्ने हुनुपर्दछ । भुत्ते बनेको नेपालको राजनीतिको नीतिलाई धारिलो बनाउन राजनीतिमा सिन्डिकेट जमाइरहेका तर सेवा प्रवाह र शासकीय सुधारमा कमजोर सावित भएका नेताहरूको बुद्धि फिर्ला त ?

**-इहिमालयटाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्र वा आफन्तको सहयोग मिल्ने छ । बौद्धिकताको विकास हुनेछ । | **तुला** : नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्ने छ । कार्यसिद्धि हुने अवसर मिल्नेछ । |
| **वृष** : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । सुखद् यात्राको योग छ । | **वृश्चिक** : मानसिक चिन्ता बढ्ने छ । घरायसी झमेलामा परिएला । |
| **मिथुन** : छोटो दुरीको लाभदायक यात्रा रहला । धनार्जन हुनेछ । | **धनु** : राजनैतिक कार्यमा सफलता मिल्नेछ र रोजगारको अवसर मिल्नेछ । |
| **कर्कट** : आर्थिक क्षेत्रमा सङ्कट आउला । मुद्दा मामिला आइलाग्नेछ । | **मकर** : नसोचेको ठाउँबाट धन हात पर्ने छ । नयाँ काम वा रोजगार पाइनेछ । |
| **सिंह** : आज भाग्योदय हुनेछ । धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ । लाभदायक यात्रा हुनेछ । |
| **कन्या** : आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । | **मीन** : कार्य क्षेत्र या व्यावसायिक काममा सुधार आउनेछ । |

# साहित्य दर्पण

समालोचना — कमल रिजाल

## झापा विद्रोहका कमाण्डर शिवप्रसाद



**यस कृतिले शिवप्रसाद शिवाकोटीलाई चिनाएको मात्र छैन, उनको राजनीतिक चेत र समाजसेवी व्यक्तित्वलाई प्रस्ट्याएको पनि छ । उनले राजनीति पेशा नभई सेवा हो भन्नेबारे दिएका सन्देशबाट हालका नेताहरूले सिक्नुपर्ने पाठ धेरै छन् । हेरौं उनकै समकालीन नेताहरूले देखाएका उनको राजनीतिक र समाजसेवी व्यक्तित्वका केही झलक । पुस्तकको एक ठाउँमा लेखकले झापा विद्रोहका सशक्त योद्धा जयप्रसायद यूकेको भनाइ उदृत गर्दै भनेका छन्, 'शिवप्रसादले गाडेको राष्ट्रिय झण्डाको ओतमा बसेर नेपालीले भारतले थुत्न सक्ने नेपालको भूभाग जोगाएका थिए ।'**

नेपाली राजनीतिमा झापा विद्रोहको विशेष स्थान छ । प्रजातन्त्र हुँदै गणतन्त्रको जग समेत यसैमा टिकेको कुरा नेताहरूकै मुखबाटै सुन्न पाइन्छ । यसको अर्थ हो अहिले पनि उत्तिकै चर्चित र सान्दर्भिक छ त्यसको विशेषता । जबकि आधा शताब्दी पार गरिसकेको छ उसले । तथापि पंक्तिकार भने अहिलेसम्म पनि अनभिज्ञ नै थियो भन्दा हुन्छ कुरोको चुरोमा ।

यसको अर्थ नामै नसुनेको भन्ने चाहिँ होइन । कुरा त जनमत संग्रहताकादेखि नै सुनेको हो । तथापि कहाँबाट शुरू भई कहाँ अन्त्य भएको थियो ? कसले शुरू गरेका थिए भन्ने कुरा भने पूर्णतः ज्ञात थिएन । यसो हुनुको पछाडि उसको राजनीतिप्रति चासो नहुनु हुन सक्छ । हुन सक्छ केही हदसम्म आफ्नै कमजोरी पनि । पंक्तिकार जस्तै अरू पनि हुन सक्छन् । त्यसमा पनि नयाँ पुस्ता त झनै बढी हुन सक्छन् ।


हालै वरिष्ठ साहित्यकार नरेन्द्रराज प्रसाईंको सौजन्यमा झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी नामक पुस्तक पढ्ने अवसर जुर्‍यो, जसले तत्सम्बन्धी चासो र जिज्ञासा पनि पूरा गरिदियो । प्रस्तुत पुस्तक शिवप्रसाद शिवाकोटीको जीवनी कृति हो, जसका लेखक उनै नरेन्द्रराज प्रसाईं हुन् भने प्रकाशक नइ प्रकाशन । ५ जना नेपालीले प्राणाहुति दिएको झापा विद्रोहको जगमा टेकेर धेरै नेता बने । तीमध्ये कति सांसद बने, कति मन्त्री, केही उपप्रधानमन्त्री बने, एकाध प्रधानमन्त्री तर सोही विद्रोहका योजनाकारको जीवन भने गुमनाममै बित्यो । किनकि उसले स्वदेशमा प्राण त्याग गर्ने अवसरसम्म नपाएर विदेश भासिनुपर्‍यो । कुरा सुन्दा अचम्म लाग्न सक्छ तर यथार्थ त्यही हो । धन्य साहित्यकार प्रसाईंको आँखा परेछ र मात्रै धेरथोर जानकारी मिल्यो । अन्यथा नेपाली पाठक सदा अज्ञात नै रहने थिए भने एउटा नेपाली सपुतको संघर्ष इतिहासको गर्तमा विलीन हुन पुग्ने थियो । षडानन्द शिवाकोटी र कमला शिवाकोटीका छोरा शिवप्रसाद शिवाकोटीको जन्म १९९० भदौ २७ गते आठराई इवामा भएको थियो भने मृत्यु २०५३ चैत ९ गते भारतको आसाममा । आफ्नो ६३ वर्षे जीवनको अधिकांश समय राजनीतिमा बिताएका शिवाकोटीको भऱ्याङ चढेर सत्ताको शिखर चढ्ने धेरै भए । हुनसक्छ कतिले सम्पत्तिको शिखर पनि चढे होलान् तर उनले भने स्वदेशमा बासको अवसर समेत पाएनन् र मुगलानमा पुगेर मृत्युवरण गर्नुपर्‍यो । अरूले त बिर्से-बिर्से, जो-जसले उनको लौरो टेकेर राजनीतिको वैतरणी तरे, उनीहरूले नै बिर्सिनुलाई चाहिँ खोलो तर्‍यो लौरो बिर्स्यो बाहेक केही होइन । लेखक प्रसाईंले उनीबारे यी र अन्य यस्तै तमाम नखुलेका पाटालाई खोतल्ने काम गरेका छन् यस कृतिमा । जीवनी कृतिमा भूमिका र लेखकीय मन्तव्यबाहेक १५ प्रकरण छन्, जसमा शिवप्रसाद शिवाकोटीको पूवीभूमिदेखि उनको स्वदेश प्रवेशपछिको पीडासम्म शीर्षकका आलेखहरू पर्छन् । प्रा. राजेन्द्र सुवेदीको भूमिकाले कृतिलाई सिँगारेको छ भने लेखकीय मन्तव्यले कृतिमा नसमेटिएका वा समेट्न नभ्याइएका विषयलाई प्रस्ट्याउने काम गरेको छ । यस कृतिले शिवप्रसाद शिवाकोटीलाई चिनाएको मात्र छैन, उनको राजनीतिक चेत र समाजसेवी व्यक्तित्वलाई प्रस्ट्याएको पनि छ । उनले राजनीति पेशा नभई सेवा हो भन्नेबारे दिएका सन्देशबाट हालका नेताहरूले सिक्नुपर्ने पाठ धेरै छन् । हेरौं उनकै समकालीन नेताहरूले देखाएका उनको राजनीतिक र समाजसेवी व्यक्तित्वका केही झलक । पुस्तकको एक ठाउँमा लेखकले झापा विद्रोहका सशक्त योद्धा जयप्रसायद यूकेको भनाइ उदृत गर्दै भनेका छन्, 'शिवप्रसादले गाडेको राष्ट्रिय झण्डाको ओतमा बसेर नेपालीले भारतले थुत्न सक्ने नेपालको भूभाग जोगाएका थिए ।' (पृष्ठ ५६) अर्को एक प्रसङ्गमा आफ्नै आमा भागिरथा प्रसाईंको भनाइ उदृत गर्दै लेखक बोलेका छन्, 'उसले कसैलाई पनि अन्याय गरेन, अन्यायविरुद्ध भने प्रशस्तै बोल्यो । कसैलाई अन्याय पर्‍यो भने जुलुस उठाइहाल्थ्यो । झापामा शिवप्रसाद शिवाकोटी भनेपछि शोषकहरूको सातो जान्थ्यो । नेपालमा बहुदल आएपछि मैनालीहरू पनि मन्त्री भए तर सबैले गुरु मानेको शिवप्रसादले पछिसम्म पनि नेपाल पस्न पाएको थिएन । त्यस्तो महान् मान्छे कुनै पद नपाई मर्‍यो ।' (पृष्ठ ६४) अर्को एक प्रकरणमा लेखक बोलेका छन्, 'शिव दाइले चिनियाँ सांस्कृतिक क्रान्तिको समर्थन गरेर अघि बढेको सन्दर्भ कम्युनिस्टहरूका लागि प्रेरक थियो । त्यसैले पछि, पछि र पछिसम्म पनि मोहनचन्द्र अधिकारीले शिव दाइलाई झापा विद्रोहका कमाण्डर भनिरहे । कम्युनिस्टको चरण छुट्याउनुपर्दा रामनाथ दाइ सैद्धान्तिक कम्युनिस्ट थिए, यूके दाइ बौद्धिक कम्युनिस्ट र शिव दाइ व्यावहारिक कम्युनिस्ट थिए । शिव दाइको नीति नै बुर्जुवालाई छप्काउनुपर्छ भन्ने थियो । उनकै नीतिको अडानबाट नै झापा विद्रोहको आरम्भ भएको थियो ।' (पृष्ठ ७०) अर्को एक प्रकरणमा लेखकले भनेका छन्, 'शिव दाइका घरमा रामनाथ, राधाकृष्ण, चन्द्रप्रकाश, मोहनचन्द्र, यूके, नेत्र घिमिरे, नारद भारद्वाज आदि विद्रोहीको उपस्थिति देखिन्थ्यो । त्यसबेलाको त्यो रौनकबारे शिव दाइका पुराना सहकर्मी राधाकृष्ण दाइले सधैं भनिरहे, 'शिवप्रसाद शिवाकोटीको घरमा हाम्रो अड्डा थियो । झापामा किसानका लागि उभिने एक मात्र नेता कोही थिए भने ती शिवप्रसाद नै थिए । उनी झापा विद्रोहका नायक नै थिए ।'

त्यसैगरी चन्द्रप्रकाश मैनालीले पनि भनेका थिए, 'शिव दाइ भन्नु झापा विद्रोहका जगढुंगा थिए । सालबारी भन्नु किसान आन्दोलनको प्रमुख केन्द्र थियो ।' (पृष्ठ ७१) सालबारीको गोरुकाण्डबाट शुरू भएको झापा विद्रोहको परिकल्पनाकार र नायक शिवप्रसाद शिवाकोटी थिए भने मोहनचन्द्र अधिकारी योजनाकार रहेका थिए । ५ जनालाई शहीद र १ जनालाई प्रधानमन्त्री बनाएको झापा विद्रोहले उग्ररूप लिन थालेपछि नायक तथा परिकल्पनाकार शिवप्रसाद शिवाकोटी स्वदेशमा बस्न सकेनन् र सिमापार गएर बस्न थाले तर उनको शरीर सिमापारी रहे पनि मन भने यतैको विद्रोहमा थियो । थियो र त रातिराति यतै आएर विद्रोहलाई ऊर्जा दिने काम गरिरहे । यस्तैयस्तै शिवप्रसादको संघर्ष गाथा पढ्ने अवसर पाउँछन् पाठकले पुस्तकमा । यसको अर्थ यो होइन कि झापा विद्रोहको राप र तापले कतिपय निर्दोषलाई पनि नपोलेको होइन, यसबारे उनको चित्त दुखाइ पछिसम्म पनि रहेको कुरा पनि लेखकले कतै उल्लेख गरेका छन् । यसबाट शिवप्रसादमा राजनेतामा हुनुपर्ने गुण समेत भरपूर रहेको प्रस्टै बोध गर्न सकिन्छ । विद्रोह भनौं या क्रान्ति एक किसिमले आगो हो । आगो भनेको आगो हो । उसलाई सल्कन मात्र बेर लाग्छ, सल्केपछि न कसले किन सल्काएको भनेर हेर्छ, न यो र ऊ भनेर विभेद गर्छ । मात्र के हो भने राजनेताले यहाँ चाहिँ नहुनुपर्ने काम भएकै हो भन्छ, भन्न सक्छ । शिवप्रसाद यस्तैमा पर्छन् । उनले त्यही भने वा गरे, जुन उनको वशमा थियो । जसको जीवन आफैं ओझेलमा परेर बितेको छ, उसले यसभन्दा बढी नै गर्न सक्छ र ! अन्त्यमा भूमिका लेखक प्रा. राजेन्द्र सुवेदीको भनाइ सापटी लिँदै यति भन्न चाहें - अनेक किसिमका उपाधिधारीले पनि उपेक्षा नै गरेको तर चिन्न नसकेको हीराको बिम्ब बनेका शिवाकोटीको जीवनलाई सबैका निम्ति गाह्रय नै बनाएका छन् । नेपालका कम्युनिस्ट निम्ति चाहिँ दीक्षा लिनैपर्ने मन्त्र बनेको यस कृतिका निम्ति सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईं बधाईका पात्र बनेका छन् ।

**-लोकान्तर डटकम**

(नवपुस्ता/कथा) — स्नेहा पोखरेल

## धर्म



ऊ नास्तिक थियो तर पनि देवीको दर्शन गर्न देवीथान जाँदै थ्यो । बाटोमा सुइँ सुइँ हिँड्दै थियो - मन्दिरको बनावट, काष्ठकला र किंवदन्ती बुझ्ने ध्येयले होइन, बरु जाँदै थियो आमाले कातेका बाती बाल्न । मन्दिरका अवयव, टुँडालमा खोपिएका देवीदेवताका बटारिएका आसन नियालेर कुनै अन्वेषकको स्वाङ पार्ने जमातभन्दा टाढै थियो ऊ । प्रभाकर अल्छी गर्दै सुस्तरी डाँडाको काँध चढेर व्योममा उक्लिँदै थियो उसरी नै दिवाकर पनि झिँजो मान्दै मन्दिर पुगिने सोपान उक्लिँदै थियो ।

मन्दिर परिसर पुग्नै लाग्दा अकस्मात् कसैले दिवाकरको हात तान्छ । एउटा मान्छे कराउँछ, 'दाइ, पूजा सामग्री लानुस् न दाइ !' यस वाक्यबाट यस्ता सयौँ वाक्यको सिलसिला सुरु हुन्छ । सिँढीभन्दा तल रहेकी बहिनी कराउँछिन्, 'दाइ, दाइ, यहाँ सस्तो छ । यहाँबाट लानुस् दाइ । एकदमै सस्तो छ ।' यत्तिकैमा दिवाकरको हातमा डाली थमाउँछ त्यस मानिसले । दिवाकर असमञ्जसमा पर्छ । पर परसम्मबाट मानिसहरू आफ्नो सामान किनिदिन भन्दै उसैलाई पुकारिरहेछन् । लागिरहेछ, साक्षात् प्रभुले यिनीहरूलाई दर्शन दिए भने यिनीहरूले भगवान्लाई पनि आफूतिर घिसार्नेछन् । एउटै किसिमका पूजा सामग्री बिक्री गर्न त्यहाँ एकैनासे साना सयौँ पसलहरूको लहर हुन्छ जहाँबाट मानिसहरू ग्राहकलाई बोलाइरहन्छन् । सबैको पुकार मिसिएर कर्कश ध्वनि बन्छ, दिवाकर दिक्किन्छ । आइलागेको डालीको पैसा तिर्ने ठाउँमा भने एउटी युवती बसेकी हुन्छिन् । त्यस मानिसले एक हातले युवतीतिर देखाउँदै अर्को हातले दिवाकरलाई तान्दै भन्छ, 'पैसा तिर्ने ठाउँ यता छ दाइ ।' यी घटना तीव्र गतिमा भइरहेका हुन्छन् । दिक्किएको दिवाकरले मान्छेलाई हेर्छ र डालीमा हेर्छ । एउटा रातो चुनरियाले छोपेको डालीमा रातो घन्टीफूल, नरिवल देख्छ । अगरबत्तीको खोल बाहिर निस्किएको हुन्छ, त्यो सानो डालीमा नअटेर । 'मलाई यो सबै चाहिँदैन ।', दिवाकरले भन्छ । 'लानुस् दाइ, देवीलाई चुनरिया ओढाउनुस्, नरिवल फोड्नुस् । धर्म हुन्छ । लानुस्, लानुस् ।' धर्ममा कुनै दिलचस्पी नभएको दिवाकरलाई त्यो नरिवल त्यही मानिसको टाउकोमा फोडिदिऊँ जस्तो लाग्छ तथापि शान्त भएर उसले डाली राख्न खोज्दै भन्छ, 'मलाई चाहिँदैन । पूजा गर्न जान लागेको होइन म । मसँग पैसा पनि छैन ।' 'लानुस् दाइ, पैसा फर्केर आएर दिनु नि त ! लानुस् लानुस् ।', उसले डाली राख्नै दिँदैन । तानेको तानै गर्ने त्यस मनुवाले अब भने दिवाकरलाई ठेल्न थाल्छ । फर्केर आएपछि पैसा दिनुहोला भनेर यसरी भन्छ, मानौँ देवीले त्यस पूजा सामग्रीले पूजा गरेपछि दिवाकरलाई मक्ख परेर ऐश्वर्य दिनेछिन् र त्यो डाली बेच्नेलाई पैसा तिर भन्नेछिन् । तेलमा भिजाएका बातीको पोको उसको खल्तीमा बसिरहेकै छ । यसो खल्ती छाम्छ, पैसा त हुँदै हुँदैनह टोलाउँछ । अचानक दिवाकरलाई धकेल्छ त्यस पसलेले । तीन पाइलापछि हुत्तिन्छ ऊ । 'जानुस् दाइ जानुस् । पूजाआजाले देवी खुसी हुन्छिन् ।', अघिसम्म तानिरहेको मान्छेले अब ठेल्न थालेपछि दिवाकर अवाक् हुन्छ । रङ्मङ्गिएको मगज लिएर दिवाकर अघि बढ्छ । फोटो खिच्ने र त्यस्तै पूजा सामग्री बेचनेको आवाज उसको गिदीमा बजिरहन्छ ।

जुत्ता चप्पल फुकाल्ने ठाउँमा पनि पैसा तिर्नुपर्ने देखेपछि एउटा रूखको फेदमा चप्पल फुकाल्छ र श्रद्धालुको लाममा बस्छ । अबिर, बाती, अगरबत्तीका बास्ना धुवाँ भएर दिवाकरको फोक्सोसम्मै पुग्छन् । उसले लामो श्वास फाल्छ । हत्तपत्त 'खै ल्याउनोस्' भन्दै पुजारीले डाली तान्छन् । च्यातेको सयपत्री डालीमा हाल्छन्, कपडा चढाउँछन् र ट्यास्स टाँस्छन् अबिर उसका ललाटमा । 'बत्ती बाल्ने र नरिवल फुटाउने उता' मुख चुच्याँउदै इसारा गर्छन् पण्डित । ऊ नरिवल फुटाएर त्यही डालीमा राख्छ । रुखमुनि पुगेर चप्पल लगाउँछ र सुस्तरी बाती बाल्न लम्कन्छ । जतनसाथ राखेको बातीको पोको ज्याकेटको भित्री गोजीबाट निकालेर बाल्छ । नरिवल त्यही बातीको पोकामा राख्छ । अब भने मन्दिरको एक फन्को लाएर घुम्छ । वरिपरि नियाल्छ । आफ्नी आमाको झझल्को पनि देख्छ । केहीबेर गम्छ र लम्कन्छ । 'बेलुकी आमालाई दिन्छु देवीको प्रसाद' यस्तै सोच्दै गोजी छाम्छ । मन्दिरबाट फर्किँदा कसैले उसलाई बोलाएन, लास जलाइसकेर फर्किएका मलामीलाई नबोलाएझैँ । कसैले समाएनन् उसका पाखुरा । डाली बेच्ने पसले भने बिच बाटामा उभिएको रहेछ । 'पूजा गर्नुभयो दाइ ? खै ल्याउनुस् ।' हातबाट डाली लिँदै सोध्यो उसले । 'पैसा उता तिर्नुहोला ।', फेरि उही युवतीतिर औँलो तेर्स्याउँछ । 'मसँग पैसा छैन, डाली थमाइहाल्नुभयो, देवीले पुण्य गरेको मान्नेछिन् भाइ ।' 'के भन्नुहुन्छ ? कस्तो पैसा छैन ? पूजा सामग्री लगेपछि पैसा छैन भनेर हुन्छ ?', कड्किन्छ पसले, 'रेला नगर्नुस् दाइ, खुरुक्क ल्याउनोस् पान्से ।' 'मसँग पैसा नै छैन भाइ । मैले अघि नै लिन्नँ भनेको थिएँ । फेरि एउटा फूल र धूपको पाँच सय ?' 'खुरुक्क पैसा ल्याऊ है ।

ञकस्तो लाज नभएको मान्छे, सामान लगेपछि पैसा त तिर्नुपर्‍यो नि !' 'मसँग पैसा छैन ।', दिवाकर अघि बढ्यो । पसले रन्क्यो, 'खुरुक्क ल्याइहाल् ।' वरिपरिका मान्छे तमासा हेर्न नजिकिए । 'म सँग पैसा छैन मैले अघि भनेको !' निन्याउरो दिवाकर झन् निलो भयो । पसलेले फेरि उसको ज्याकेट समाउँदै थर्काउँछ । फिस्स हाँस्यो दिवा । नानाभाँती सुन्यो, सत्तोसराप पनि सह्यो । छामछुम गरिसकेपछि फेरि धकेलियो दिवाकर । यसपटक नराम्रोसँग पछारिने गरी । उठ्यो र अघि बढ्यो । कानबाट पसेर उसको मगजमा केके बज्यो, उसले सुनेन । बेलुकी दिवाकर घर पुग्यो । आमालाई सयपत्रीका मञ्जरी दियो । 'प्रसाद दिएनन् बाबु ? बत्ती मजाले बले नि ?' 'मजाले बल्यो, राम्ररी भिजेको रैछ । दिएका थिए आमा । नरिवल पनि थियो, बाटामा दुःखीआत्मा थिए उनैलाई दिएँ ।' 'ए, ठिकै गरेछस् बाबु ।' 'कस्ता-कस्ता लिच्चड हुँदा रहेछन् नि !', आमाले ठिकै गरेछस् बाबु भन्दै गर्दा उसको मथिङ्गलमा बजिरह्यो, 'तँलाई जता गए पनि धर्म कहिल्यै हुने छैन !'

**-साहित्यपोष्ट डटकम**

## ईश्वर कहाँ छैन ?

तिमी सोध्छौ,
ईश्वर कहाँ छ ?
म भन्छु
सुन्ने कानमा छ
हेर्ने आँखामा छ
धड्किरहने मुटुको
हर धड्कनमा छ
नदेखिने यी कण कणमा छ ।
भन,
ईश्वर कहाँ छैन ?

दूध पिलाउने शिशुको
आमाको स्नेहमा छ
नव मण्डलमा पाइने
समस्त जीवमा छ
नील गगनमा उदाउने
तारा पुञ्जमा छ
प्रभातसँगै झुल्किने
अरुणोदयमा छ ।
भन,
ईश्वर कहाँ छैन ?

मगमग भई फुलिरहने
फूलको परागमा छ,
नदी किनारमा पौडिरहने
पत्थरको स्पर्शमा छ
बतासिएर झुलिरहने
वृक्षको तरङ्गमा छ
बताससँगै गुनगुनाइ रहने
लतिफाका ती पातहरुमा छ ।
भन,
ईश्वर कहाँ छैन ?


चहराइ रहेको मान्छेको
घाउहरुमा छ
आवाज विहीनहरुको
आवाजमा छ
पीडितहरुको क्रन्दनमा छ ।
भन,
ईश्वर कहाँ छैन ?

दृष्टि तिम्रो भ्रम हुँदा
उ कहीं पनि देखिदैन
तिम्रो हेर्ने दृष्टि फेरिदा
जताततै उ नै उ छ
भन त अब,
ईश्वर कहाँ छैन ?

*शालिकराम घले*
*बकैया-८, मकवानपुर*
*-रातोपाटी डटकम*

# बिमा उपचार सेवा स्थगित गर्ने निर्णय यथावत् : मिसन अस्पताल





UNITED MISSION HOSPITAL TANSEN

सूचना !

**पाल्पा,** साउन १९/तानसेनस्थित युनाईट मिसन अस्पतालले बिमा उपचार सेवा स्थगित गर्ने निर्णय यथावत राखेको जनाएको छ । साउन १२ गते पत्रकार सम्मेलन गरी साउन २१ गतेदेखि बिमा उपचार सेवा स्थगित गर्ने निर्णय गरेको अस्पतालले सो निर्णय यथावत् रहेको जनाएको हो ।

मिसन अस्पतालले सेवा सुचारु गर्ने सहमति भएको भन्ने विषय सामाजिक सञ्जालमा आएपछि अस्पतालले शुक्रबार एक सूचना जारी गरी सेवा सुचारु गर्ने भन्ने कुनै पनि निर्णय नभएको स्पष्ट पारेको छ ।

अस्पतालले उठाएको विषयहरुमा शुक्रबारसम्म पनि बिमा बोर्डबाट सम्बोधन नभएकाले स्थगन गर्ने निर्णय यथावत् रहेको अस्पतालका प्रशासकीय अधिकृत जीवन भट्टराईद्वारा जारी सूचनामा उल्लेख छ । अस्पतालका मागहरु सम्बोधन भएमा जुनसुकै बेला पनि सेवा दिन तयार रहेको अस्पतालले जनाएको छ । अस्पतालले सेवा स्थगित गर्ने निर्णय गरेको समाचार बाहिर आएपछि जिल्लाका राजनीतिक दल र केही सांसदहरुले छलफल अगाडि बढाए पनि त्यसले निकास निकाल्न सकेको छैन् । बरु उनीहरुले जस लिने दाउमा अस्पताल सेवा सुचारु गर्न तयार रहेको बताउँदै आएका छन् ,तर बिमा उपचार सेवा सञ्चालन नगर्ने घोषणा गरेको मिसनले पूर्ववत निर्णयमा अडिग रहेको छ । उसले बिमा बोर्ड, जिल्लाका राजनीतिक दल, सांसदसँग छलफल भएपनि सेवा सञ्चालन गर्ने भन्ने बारेमा निर्णय नभएको बताएको छ । बिगत ६ वर्ष देखी पटक-पटक अस्पतालले स्वास्थ्य बीमा बोर्डलाई शुल्कको समायोजनको लागि अनुरोध गरे पनि बोर्डले चासो नदिदा बीमा कार्यक्रमको सेवा शुल्कले अस्पतालको दैनिक खर्च धान्न समेत गाह्रो हुने गरेको अस्पतालले जनाएको छ । बीमाबाट उपचार गराएबापत बिमा बोर्डले अस्पताललाई हालसम्मको १२ करोड ८३ लाख तिर्न बाँकी छ । उक्त बक्यौता रकम २०८० साउन २१ गतेसम्म भुक्तानी नगरेमा बीमाबाट हुने सबै किसिमका उपचार सेवा स्थगित गर्ने निर्णयमा अस्पताल पुगेको हो । अस्पतालले २०७४ बैशाखदेखि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएकोमा स्वास्थ्य बीमा बोर्डले हालसम्म पनि नियमित तथा समयमै भुक्तानी नदिएको, विना कारण दाविहरु अस्विकृत गर्ने गरेको, बोर्डको दररेट अस्पतालको दररेट भन्दा धेरै कम भएकाले आफुहरु बीमा उपचारको सेवा स्थगित गर्ने अवस्थामा पुगेको बताएको छ ।

# काँग्रेस लुम्बिनी प्रदेशले भदौ पहिलो हप्ता प्रशिक्षण दिँदै




**पाल्पा,** साउन १९/संगठन सुदृढीकरणमा लागेको नेपाली काँग्रेस लुम्बिनी प्रदेशले भदौ पहिलो हप्ता प्रशिक्षण दिन लागेको छ । शुक्रबार दाङको भालुबाङस्थित प्रदेश कार्यालयमा बसेको प्रशिक्षण विभागको बैठकले आगामी भदौ पहिलो हप्ता प्रशिक्षण आयोजना गर्ने निर्णय गरेको हो । काँग्रेसले तेस्रो प्रशिक्षणको रुपमा नवलपरासी (पश्चिम ) मा आयोजना गर्न लागिएको जनाएको छ ।

लुम्बिनीका १२ जिल्ला सभापति, २६ प्रतिनिधिसभा क्षेत्रीय सभापति र ५२ प्रदेशसभा क्षेत्रीय सभापतिका लागि प्रशिक्षण कार्यक्रम गर्न लागिएको प्रदेश उपसभापति एवम् प्रशिक्षण विभाग प्रमुख भुवनप्रसाद श्रेष्ठले बताए । प्रशिक्षणलाई वरिष्ठ नेता डा. शेखर कोइराला लगायतका शीर्ष नेताहरूले सम्बोधन गर्ने जनाइएको छ । समय अनुकूल पार्टी संगठन चलायमान बनाउन तहगत नेतृत्वका लागि प्रशिक्षण दिन लागिएको लुम्बिनी काँग्रेसका सभापति अमरसिंह पुनले बताए । प्रशिक्षणपछि पार्टीको सैद्धान्तिक दृष्टिकोण, कार्यक्रम, आगामी योजना र सांगठनिक गतिविधि तल्लो तहमा पुर्‍याउन विषेश आधार तय हुने सभापति पुनले बताए । काँग्रेस लुम्बिनी प्रदेशले यस अघि पनि तीन दिन प्रदेशभिरका नेता तथा कार्यकर्तालाई प्रशिक्षण दिएको थियो । काँग्रेसले प्युठानमा गत वैशाख २९, ३० र ३१ गते प्रशिक्षण दिएको हो । उक्त प्रशिक्षण मा प्रदेशका १२ जिल्लाबाट झण्डै एक सय जना अगुवा कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।


**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०४/२०**

जहर सिंह रानाको नाति गम बहादुर रानाको छोरा मतिसरा रानाको श्रीमान पाल्पा जिल्ला माथागढी गा.पा. बडा न. ७ बस्ने चित्र बिर रानाको मिति २०८०/०१/२१ मा मृत्यु भएको र निजको श्रीमती मतिसरा रानाको पनि मिति २०७५/०९/२१ मा मृत्यु भईसकेको हुँदा निजको नाममा यस बैंकको पाल्पा शाखामा रहेको खाता नं. ०४००१२२८२०१०००००१ को मौजदात रकम भुक्तानी पाउँ भनि निज खाता वालाको जेठो छोरा श्री प्रेम बहादुर रानाले यस बैंकको पाल्पा शाखा कार्यालयमा दाबी गर्नुभएको हुदाँ, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणीत हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा रजिष्टड कार्यालर्य, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगि परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

**कुमारी बैंक लिमिटेड**
रजिष्टड कार्यालय, टंगाल, काठमाडौं



**वर्गिकृत डिस्प्ले**
*१X५ साइजमा मात्र*
**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**
सम्पर्क: ०७५-५२०६०१


## खेलकुद समाचार

### ज्ञानेन्द्रले लिए सन्यास



**पाल्पा,** साउन १९/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिएका छन् ।

शुक्रबार आकस्मिक पत्रकार सम्मेलन गरेर उनले आफूले अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिएको घोषणा गरेका हुन् । नोभेम्बर २०१९ देखि डिसेम्बर २०२१ सम्म कप्तान रहेका मल्ल पछिल्लो समय राष्ट्रिय टिममा परे पनि धेरै समय बेन्चमै रहे । विश्वकप छनोटमा प्ले अफमा मात्र अवसर पाएका उनी एसिया इमर्जिङ कप खेल्ने टोलीमा अटाएनन् । लगत्तै हाई पर्फमेंन्स ट्रेनिङका लागि नाम सिफारिस हुँदा पनि श्रीलंका नगएका उनले एसिया कपको पूर्वसन्ध्यामा सन्यास घोषणा गरेका हुन् । कुनै समय एसिया कपसम्म खेल्छु भन्ने लागे पनि अहिले सन्यासका लागि यो नै उपयुक्त समय हो भन्ने लागेको उनले सुनाए ।

### भारत वेस्ट इन्डिजसँग ४ रनले पराजित



काठमाण्डौ, साउन १९/ घरेलु टोली वेस्ट इन्डिजसँगको पहिलो टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा भारत ४ रनले पराजित भएको छ ।

वेस्ट इन्डिजले दिएको १ सय ५० रनको मध्यम लक्ष्य पछ्याएको भारतले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ४५ रनमात्र बनाउन सक्यो । भारतलाई अन्तिम ओभरमा १० रन चाहिएकोमा ५ रनमात्र बनाउन सक्यो । भारतका लागि तिलक वर्माले सर्वाधिक ३९ रन बनाए । बलिङतर्फ वेस्ट इन्डिजका रोमारियो शेफर्ड, जेसन होल्डर र ओबेद म्याककोयले २/२ विकेट लिए । यसअघि ब्रायन लारा क्रिकेट स्टेडियममा टस जितेर ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ४९ रन बनायो । वेस्ट इन्डिजका रोभमन पावलले ४८ र निकोलस पुरनले ४१ रन बनाए । बलिङतर्फ भारतका अर्शदीप सिंह र युजवेन्द्र चाहलले २/२ विकेट लिए । यो जितसँगै पाँच खेलको टी-२० शृङ्खलामा वेस्ट इन्डिजले १-० को अग्रता लिएको छ । यसअघि भएको ३ खेलको एकदिवसीय शृङ्खला भारतले २-१ ले जितेको थियो । त्यसअघि भएको टेस्ट शृङ्खला पनि भारतले १-० ले जितेको थियो ।

## कर्पोरेट/अर्थ समाचार

# सिटिजन्सका ग्राहकलाई क्रिमसन अस्पतालमा छुट






**पाल्पा,** साउन १९/सिटिजन्स बैंक इन्टरनेसनलका ग्राहकले रुपन्देहीको तिलोत्तमास्थित क्रिमसन अस्पतालमा छुट पाउने भएका छन् । बैंक र अस्पतालबीच ग्राहकहरूलाई विशेष छुट दिने समझदारी भएसँगै बैंकका ग्राहकले छुट पाउने भएका हुन् ।

दुवै पक्षले सहमति पत्रमा हस्ताक्षर गरेका छन् । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले क्रिमसन अस्पतालमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले आफ्ना ग्राहकलाई सुविधा उपलब्ध गराउन विभिन्न संस्थासँग सम्झौता गर्दै आएको छ ।सम्झौतासँगै बैंकका ग्राहकले ती संस्थाका विभिन्न सेवामा विशेष छुट प्राप्त गर्न सक्ने छन् । बैंकका ग्राहकले जनकपुरमा रहेको होटल राजदरबार एण्ड नवरङ्ग रिसोर्ट, होटल वेलकम, होटल सितासरण, सितासरण होटल एण्ड प्लाजा, लिटिल मोर रेष्टुरेन्ट एण्ड क्याफे, होटल प्रफेक्ट प्लाजा, निरोग्य क्लिनीक एण्ड रिसर्च सेन्टर तथा बुद्ध डायबिटिक एण्ड थाइरोइड केयरका सेवाहरुमा १० देखि ५० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्ने छन् । यस्तै बैंकका ग्राहकले काठमाडौंको तिनकुनेस्थित रिद्धि सिद्धि डायग्नोस्टिक एण्ड रिसर्च सेन्टरका सेवामा पनि अधिकतम २० प्रतिशत छुट पाउने छन् । यसैगरी ललितपुरको भैंसेपाटीमा रहेको अर्बन स्माइल डेन्टल केयर प्रा.लि. का सेवामा अधिकतम २५ प्रतिशतसम्म छुट पाउने छन् । यसैगरी काठमाडौंको न्युरोड स्थित सयपत्री मेरीगोल्ड ज्वेलर्सका सेवामा पनि २५ प्रतिशतसम्म छुट पाउने सम्झौतामा उललेख छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई